आज मिति २०७८/०५/३१ गते विहिबारका दिन सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु, निर्वाचित जनप्रतिनिधिहरु, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु, पार्टी प्रतिनिधिहरु लगायत देहायका माहानुभावहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुलीको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रहरी उपरीक्षक | - श्री गोविन्द थपलिया | - सदस्य |
| सेनानी | - श्री विष्णु भक्त श्रेष्ठ | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिक बहादुर कार्की | - सदस्य |
| अनुसन्धान अधिकृत | - श्री राजन पन्त | - सदस्य |
| सिन्धुली अस्पताल | - डा. ~~अरुकल देवकोटा~~ | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| ~~सभापति~~, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री पवन पाखिन | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री उज्वल बराल, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शुक्र बहादुर विसंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री ........................................, उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री शुक्र बहादुर विसंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री अनिल भण्डारी, नेपाल पत्रकार महासंघ

श्री नवराज पहाडी, गैर सरकारी संस्था महासंघ

श्री दिपक घिमिरे, सिड्स नेपाल

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

## निर्णयहरु

१. यस वर्षको बाढी पहिरोका कारण सिन्धुली जिल्लाका विभिन्न स्थानमा जन धनको क्षेति भएको सर्वविदितै छ । बाढी पहिरोका कारण सार्वजनिक भवन, नदीले कट्टान गरेको क्षेत्र, जग्गा कट्टानको क्षति सहितको विवरण यथाशीघ्र जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराई दिन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

२. गोलन्जोर गाउँपालिका वडा नं. ५ खनियाखर्क बस्ने होममणी बरालको घर वर्षाको कारणले घर माथि र तल् दुबै पटिबाट पहिरो गई उच्च जोखिममा परेकोले उक्त पहिरो नियन्त्रणका लागि लगत स्टमेट सहित जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय, सिन्धुली र बागमती प्रदेश विपद् व्यवस्थापन समिति, हेटौंडामा सिफारिस गर्ने ।

३. कृषि ज्ञानकेन्द्र सिन्धुलीलाई यस वर्षको वर्षादका कारण कृषि क्षेत्रमा भएको क्षतिको विवरण उपलब्ध गराई दिनु हुन भनि माग भएकोमा मूल्य सहितको क्षतिको विवरण नआएकोले क्षतिको विवरण र सो को मूल्य समेतको विवरण पुनः माग गर्ने ।

४. कमलामाई नगरपालिका वडा नं. ११ फिटिङ्ग टोल बस्तीका १६ घर धुरीहरु वर्षादको कारणले घर माथिबाट पहिरो र बस्ती मुनीबाट खोलाले कट्टान गरी बस्ती जोखिमपूर्ण भएकोले उक्त पहिरो नियन्त्रण गरी बस्तीलाई थप क्षति हुन नदिन जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय, सिन्धुली र बागमती प्रदेश सरकार विपद् व्यवस्थापन समिति, हेटौंडामा सिफारिस गर्ने ।

५. कमलामाई नगरपालिका वडा नं. १० डाडाँटोलका ५ घरधुरीका परिवारहरु यस वर्षको मनसुनजन्य वर्षादका कारणले पहिरो गई जोखिम पूर्ण भएकोले उक्त पहिरो नियन्त्रणका लागि जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय, सिन्धुली र बागमती प्रदेश विपद् व्यवस्थापन समिति, हेटौंडामा सिफारिस गर्ने ।

२०७८।५।२१